# भीमेश्वर नगरपालिका राजपत्र

**भीमेश्वर नगर कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड १, संख्या २, भीमेश्वर नगर कार्यपालिका, दोलखा जिल्ला, प्रदेश नं ३,  अतिरिक्तांक २ मिति २०७४/०३/२५**

## भाग १

## भीमेश्वर नगर कार्यपालिकाको सूचना

# आर्थिक ऐन, २०७४

# भीमेश्वर नगरपालिकाको

## आर्थिक ऐन
## २०७४

भीमेश्वर नगरपालिका
दोलखा जिल्ला, ३ नम्बर प्रदेश

नगर सभाबाट स्वीकृत मिति : २०७४ असार २५ गते

# भीमेश्वर नगरपालिकाको

## आर्थिक ऐन

### भीमेश्वर नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४

प्रस्तावना : भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भीमेश्वर नगरपालिका, दोलखाको नगर सभाले यो ऐन बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ ।
(२) यो ऐन २०७४ साल श्रावण १ गते देखि भीमेश्वर नगरपालिका (दोलखा जिल्ला) क्षेत्रमा लागु हुनेछ

२) सम्पती कर : नगरपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३) भुमी कर (मालपोत) : नगरपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम भुमी कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४) घर वहाल कर : नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संध संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम, टहरा,छप्पर,जग्गा वा पोखरी पुरै वा आशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५) व्यबसाय कर: नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यबसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) जडिबुटी कवाडी र जीवजन्तु कर : नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, जस्ता बस्तुको व्यवसायीक कारोवार गरे बापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७) सवारी साधन कर : नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरीने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८) विज्ञापन कर : नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९) मनोरञ्जन कर : नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०) बहाल विटौरी शुल्क : नगरपालिका क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) पार्किङ शुल्क : नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए बापत अनुसूचि (१०) बमोजिम पाकिंङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२) ट्रेकिंग, कोयोकिंङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र रयाँफटींङ्ग शुल्क : नगरपालिकाले आफनो क्षेत्र भित्र ट्रेकिंग, कोयोकिंङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र ऱ्याँफटींङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३)	सेवा शुल्क दस्तुर : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिेखित स्थानीय पुर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहीहरु बाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४)	पर्यटन शुल्क : नगरपालिकाले आफनो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५)	कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६)	कर तथा शुल्क सम्वन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची -१
## नगरपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने एकीकृत सम्पत्ति कर/घरजग्गा करको दर :

### एकीकृत सम्पत्ति करको दर :

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर | |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाख सम्म | २५।०० | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाख सम्म | ५०।०० | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाख सम्म | ७५।०० | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाख सम्म | १००।०० | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ६ लाख सम्म | १२५।०० | एकसय पच्चिस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाख सम्म | १५०।०० | एकसय पचास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाख सम्म | १७५।०० | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाख सम्म | १९०।०० | एकसय नब्बे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाख सम्म | २००।०० | दुइसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाख सम्म | २५०।०० | दुइसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाख सम्म | ३००।०० | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाख सम्म | ३५०।०० | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाख सम्म | ३८०।०० | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाख सम्म | ४००।०० | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाख सम्म | ५००।०० | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाख सम्म | ५५०।०० | पांचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाख सम्म | ६५०।०० | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाख सम्म | ८००।०० | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाख सम्म | १०००।०० | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाख सम्म | १२००।०० | एकहजार दूइसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | १५००।०० | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | २०००।०० | दुइहजार रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| २३ | रु. ४२ लाख १ देखि ४६ लाख सम्म | २५००।०० | दुइहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाख सम्म | ३०००।०० | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाख सम्म | ३५००।०० | तीनहजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाख सम्म | ४५००।०० | चारहजार पांचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाख सम्म | ६०००।०० | छहजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाख सम्म | ८०००।०० | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोड सम्म | १००००।०० | दशहजार रुपैया मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | १२०००।०० | बाह्रहजार रुपैया मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १६०००।०० | सोह्रहजार रुपैया मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | २००००।०० | बीसहजार रुपैया मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाख सम्म | २५०००।०० | पच्चिसहजार रुपैया मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि २ करोड ७० लाख सम्म | ३००००।०० | तीसहजार रुपैया मात्र |
| ३५ | रु. २ करोड ७० लाख १ देखि ३ करोड ३० लाख सम्म | ३५०००।०० | पैतीसहजार रुपैया मात्र |
| ३६ | रु. ३ करोड ३० लाख १ देखि ४ करोड सम्म | ४००००।०० | चालिसहजार रुपैया मात्र |
| ३७ | रु. ४ करोड १ देखि ४ करोड ५० लाख सम्म | ४५०००।०० | पैतालिसहजार रुपैया मात्र |
| ३८ | रु. ४ करोड ५० लाख १ देखि ५ करोड सम्म | ६००००।०० | साठ्ठीहजार रुपैया मात्र |
| ३९ | रु. ५ करोड १ देखि माथि जति भए पनि २ रुपैया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | | |

भीमेश्वर नगरपालिका क्षेत्रमा आ.व. ०७४/७५ देखि एकिकृत सम्पत्ति कर लगाउने प्रयोजनका लागि देहायका क्षेत्रको जग्गा प्रति रोपनी देहाय बमोजिमको चलन चल्तीको मूल्य तोकिएको छ।

१) मुख्य व्यापारिक क्षेत्र

| सि.नं. | सडक | देखि | सम्म | हाल तोकिएकोदर (प्रतिरोपनी) रु. |
|---|---|---|---|---|
| क | लामोसाँघु-जिरी | १) पाटी खोला | तिनधारा जाने गोरेटो बाटो | मुल सडकले छोएको ४० लाख<br>सडक भित्र ३३ लाख |
| | | २) तिनधारा जाने गोरेटो बाटो | नयाँ बसपार्क सार्वजनिक शौचालय खोल्सा | मुल सडकले छोएको ६५ लाख<br>सडक भित्र ५५ लाख |
| ख | लामोसाघु - जिरी | ऐ. | ऐ. | ११ लाख |
| ग | सातदोबाटो-दोलखा | सातदोबाटो | पशुपति चोक | ६५ लाख |
| घ | सातदोबाटो - दोलखा | पशुपति चोक | जि.प्र.का. खोल्सा | १३ लाख ७५ हजार |
| ङ | सातदोबाटो -दोलखा | सातदोबाटो | जि.प्रा.का. खोल्सा | ११ लाख |
| च | सातदोबाटो-चरिघ्याङ्ग | सातदोबाटो | चरिघ्याङ गुम्बा | ४०लाख २५ हजार |
| छ | सातदोबाटो-चरिघ्याङ्ग | सातदोबाटो | चरिघ्याङ गुम्बा /पानोरमा क्षेत्र वा यस खण्डमा पर्ने आसपास क्षेत्र | १० लाख २५ हजार |

२) व्यापारिक क्षेत्र :

| सि.नं. | सडक | देखि | सम्म | दर (प्रतिरोपनी) रु. |
|---|---|---|---|---|
| क | लामोसाँघु-जिरी | चोथाङ च्यानडाँडाको डिल | पाटी खोला | १० लाख ८० हजार |
| ख | लामोसाँघु-जिरी | ऐ. | ऐ. | ६ लाख ६० हजार |
| ग | १) पाटी खोला-माने डाँडा हुँदै टावर सम्म/सातदोबाटो-मानेडाँडा/वाणिज्य बैंक-मानेडाँडा/टुँडिखेल टावर सम्म | | | १५ लाख २० हजार |
| | २) टावर देखि सेतो पहिरो खोल्सि | | | ९ लाख ४ हजार |
| घ | पाटी खोला-माने डाँडा सडकको दायाँ बायाँ | | | ५लाख २० हजार |
| ङ | मानेडाँडा - देउराली सडक | सेतो पहिरो खोल्सि | बिसौना खा.पा. ट्यांकी | २ लाख ६५ हजार |
| च | १) पानी ट्याङ्की-देउराली | पानी ट्याङ्की | देउराली | १ लाख |

| | | | | |
|---|---|---|---|---|
| | २) सोहि क्षेत्रको अन्य जग्गा | | | २५ हजार ४ सय |
| छ | सातदोबाटो - रामजानकी मन्दीर | सातदोबाटो | रामजानकी | ७ लाख ६० हजार |
| ज | ऐ. | ऐ. | ऐ. | ३ लाख २० हजार |
| झ | लामोसाँघु-जिरी | नयाँ वसपार्क | अनाथलय | १० लाख ६० हजार |
| ञ | ऐ. | ऐ. | ऐ. | ५ लाख२० हजार |
| ठ | १) कृषि उपज बजार बाँसघारी-पुरानोबजार सडक सँग जोडिएका/भालुखोला-बाँसघारी | | | ९ लाख ८० हजार |
| | २) सोहि क्षेत्रको सडकले नछोएको | | | ३ लाख २० हजार |
| ड | दोलखा-सिंगटी सडक | १)जि.प्रा.का खोल्सा | च्यादर पाटी | ८ लाख ६० हजार |
| | | २) च्यादर पाटी | मंजुश्री डाँडा (दाई गर्ने डाँडा) | १० लाख ८० हजार |
| | | ३) मंजुश्री | न.पा. सीमा सम्म | ४ लाख ४० हजार |
| ढ | दोलखा-सिंगटी सडक | १)जि.प्रा.का.खोल्सा | च्यादर पाटी | १ लाख५० हजार |
| | | २) च्यादर पाटी | मंजुश्री डाँडा (दाई गर्ने डाँडा) | १ लाख५० हजार |
| ण | १) च्यानडाँडा देखि दामुना डाँडा सम्म | | | ७ लाख ६० हजार |
| | २) दामुना डाँडा देखि चर्णावती सम्म | | | ५ लाख ५० हजार |
| | ३) अनाथलय देखि नयाँपुल सम्म | | | ४लाख ३० हजार |
| त | १) हालको वडा न. १,८ र ९ | | | ३ लाख |
| | २) हालको वडा न. १,८ र ९ | | | १ लाख |
| थ | हालको वडा न. १,८ र ९ (अन्य क्षेत्र) | | | ६० हजार |

३) सम्भावित आवास क्षेत्रहरु (रु. १ लाख २५ हजार प्रति रोपनी)

क) गौरिशंकर वालगृह-महाङ्काल मन्दिर सडक

ख) कमिनीचौर-महेन्द्रोदय मा.वि. सम्मको सडक

ग) पिपलबोट जिलु सडक निर्माण सम्पन्न भएको क्षेत्र

घ) घ्यावपानी चोथाङ्ग सडकले छोएका कित्ताहरु

हाल थप गरिएको सडक खण्डमा पर्ने

ङ) घ्यावपानी - सेराबेशीं सडक

न) कमिनीचौर-महेन्द्रोदय मा.वि.-आरुचौर सडक

च) दोलखा - नागदह सडक

छ) अनाथलय - तार्थली - तिखातल सडक

ज) अनाथलय-तार्थली-सिंहवन सडक

झ) कृषि उपज बजार - तिखातल सडक

ञ) पाखाटोल सडक

ट) टुडिखेल - मानेडाँडा सडक

ठ) सातदोबाटो-रामकोट - पाटीखोला सडक

ड) सातदोबाटो - ढाँडखर्क - अनाथलय सडक

ढ) महांकाल - मकैबारी सडक

ण) मकैबारी - देउराली सडक

त) सिंह वन - राजकुलेश्वर सडक

थ) गौरीशंकर बोर्डिङ - भीमेश्वर मन्दिर सडक

द) च्याँसे - वली गाँउ सडक

ध) पाटीखोला - उखुबारी सडक

प) कमिनीचौर - हलढुंगा सडक

फ) मैदाने - बिसौना सडक

ब) च्छोरोल्पा - आरुबोट सडक

भ) पदेली - जमजुता सडक

म) नागी-चोक्टेसिम-नारायणदेउ सडक

य) साखिने - शेराबेंशी सडक

र) कुप्री - महाकाल सडक

ल) मेलघुम्ती - घोक्सिला सडक

व) राम्पा - फूलपा सडक

स) मानेटार - साखिने सडक

ष) साखिने - शिहाराम सडक

श) पिपलबोट - चेतनशिल - घोगडी सडक

ह) देउराली - सहर्पा सडक

क्ष) भटमासे - सार्किश्वारा-डिही-कात्तिके-वुस्ती-सत्तरी गोलाई सडक

त्र) दिलढुंगा - खेलाप सडक

अन्य नयाँ सडकहरु समेत यसमा नै समावेश गरिने ।

४) कृषि क्षेत्र

क) जिलु वेंसी प्रति रोपनी- रु.८८ हजार

ख) दोलखा मारु वेसी प्रति रोपनी - रु. ७७ हजार

ग) अन्य कृषि क्षेत्रको प्रति रोपनी - रु.७७ हजार

थप गरिएको

घ) नागदह बेसी रु. ५५ हजार

५) ऐतिहासिक क्षेत्र प्रति रोपनी रु.४ लाख ४० हजार

क) पूर्व त्रिपुरासुन्दरी भगवती मन्दीर, काँदल वन, पश्चिम  सिंहवन, उत्तर गौरिशंकर अस्पताल-मन्जुश्री मन्दिर, दक्षिण वालकुमारी मन्दिर सम्म

थप गरिएको

ख) मन्जुश्री मन्दिर

६) आवास कृषि मिश्रित क्षेत्र

क) आवादी क्षेत्र प्रति रोपनी - रु.५५ हजार

ख) खर, पाखो, चाहर जग्गा प्रति रोपनी - रु २८ हजार७ सय ५०

माथि उल्लेखित क्षेत्रहरुमा समावेश हुन छुटेका क्षेत्रहरुको हकमा नगरपालिका कार्यपालिका बोर्डबाट निर्णय भए अनुसार हुनेछ ।

. **घर जग्गको मुल्याङकन गर्ने तरिका**

(१) घर जग्गाका कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको बर्गिकरण र मुल्याङकन देहाय बमोजिम हुनेछ :-
(क) घर बनोटको बर्गिकरण
(ख) बाटोको आधारमा बर्गिकरण
(१) भित्र काँचो वाहिर इटामा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर
(२) भित्र वाहिर पाको इटा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर
(३) भित्र वाहिर पाको इटामा सिमेण्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर
(४) आर.सि.सि.फ्रेम स्ट्रक्चरबाट बनेका घर ।
(ख) घरको मुल्याङकन
(ग) काँचो इटा वा माटोको गारो वा बाँस वा काठको टाँटी भै फुस छ्वाली खर पराल र साधारण टिनको छाना भएको घरको मुल्याँङकन गरिने छैन ।
(घ) सिनमा हलहरुको भवनको अधिल्लो भाग मुख्य अडीटोरीयम को मुल्याङकन गर्दा माथी उल्लेखित दर २५ प्रतिशत छुट दिई मुल्याङकन गरिने छ ।
(२) घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मुल्यङकन गर्दा सोको प्रयोजनको निमिक्त गठीत समितिले दिएको उचबतष्धेदनको आधारमा नगरपालिकाले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनका लागि यस नगरपालिकाले तोकेको दर बमोजिम जग्गाको मुल्याङकन गरिनेछ ।

## अनुसूची -२

**नगरपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने भुमि कर (मालपोत) करको दर :**

एकिकृत सम्पत्ति कर दर लगाईएको हुँदा करको दर **अनुसूची -१बमोजिम हुनेछ** मालपोतको हकम र कार्यपालिकाले आवश्यक परेमा लगाउन सक्ने छ ।

## अनुसूची -३

**नगरपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने घर जग्गा वहाल करको दर :**

१) नगरपालिकाले आफनो क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संघ संस्थाले प्रयोग गरेको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड(छप्पर), जग्गा , पोखरीमा पुरै वा आंसिक तवरले बहालमा दिएकोमा सम्वन्धित धनीबाट घर जग्गा वहाल रकमको बढीमा दुई प्रतिशत सम्म कर लगाई असुल उपर गरिनेछ ।

२) नगरपालिकाले आफनो क्षेत्र भित्र निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार,सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति बर्गफुट मासिक बहाल बिटौरी दुई रुपैया देखि वीस रुपैया सम्म बिटौरी कर लगाई र असुल उपर गरिनेछ ।

## अनुसूची -४

**नगरपालिकाले आफनो क्षेत्र भित्र व्यबसाय करको दर देहाय बमोमि रहने छ :**

**व्यवसाय कर**

| सि.नं. | व्यवसायको विवरण | आ.व. ०७४/०७५ को लागि प्रस्तावित दर |
|---|---|---|
| **१** | **व्यापारिक वस्तु** | |

| | | |
|---|---|---|
| **१.१** | **चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा** | |
| **१.१.१** | **चुरोट र रक्सी** | |
| | क) थोक बिक्रेता | ६००० |
| | ख) खुद्रा बिक्रेता | २००० |
| **१.१.२** | **ज्वेलरी** | |
| | क) सबै खाले गहना निर्माण तथा विक्री गर्ने | ५५०० |
| | क) स-साना गहना निर्माण तथा विक्री गर्ने | २२०० |
| **१.१.३** | **भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर** | |
| | क) थोक बिक्रेता | ५५०० |
| | ख) खुद्रा बिक्रेता | २२०० |
| **१.२** | **निर्माण सामाग्री,कम्प्युटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेटोलियम पदार्थ जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा** | |
| **१.२.१** | **निर्माण सामाग्री** | |
| | क) निर्माण सामाग्री विकि वितरण गर्ने सबै खाले पसल | ५५०० |
| **१.२.२** | **कम्प्युटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | |
| | क) थोक बिक्रेता | ७००० |
| | ख) खुद्रा बिक्रेता | ३५०० |
| **१.२.३** | **कार्पेट** | |
| | क) थोक बिक्रेता | ५५०० |
| | ख) खुद्रा बिक्रेता | २७५० |
| **१.२.४** | **पेट्रोलियम पदार्थ** | |
| | क) पेट्रोल र डिजेल पम्प (डिपा) | ७५०० |
| | ख) ग्यास तथा मट्टितेल विक्री गर्ने | ५००० |
| | ग) ग्यास तथा मट्टितेल बिक्री गर्ने (खुद्रा) | ३००० |
| **१.३** | **दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा, आदिको थोक तथा सुद्रा व्यापार** | |
| **१.३.१** | **दैनिक उपभोगका खाद्य पदार्थ (तरकारी तथा फलफल फुल समेत)** | |
| | क) थोक बिक्रेता | १००० |
| | ख) खुद्रा बिक्रेता | १००० |
| **१.३.२** | **सुती कपडा** | |
| | क) सुती कपडा पसल | १५०० |
| **१.३.३** | **सवारी साधन विक्रेता** | |
| | क) सवारी साधन विक्रेता | ७५०० |

| | | |
|---|---|---|
| २ | **विषेश परामर्श तथा अन्य व्यवसायीक सेवा** | |
| | क) चिकित्सक | ३५०० |
| | ख) कविराज | ११०० |
| | ग) इन्जिनियर | २५०० |
| | घ) कानुन व्यवसायी | ३००० |
| | ङ) लेखा परिक्षक | २५०० |
| | च) दन्त चिकित्सक | ३००० |
| | छ) अनुसन्धानकर्ता तथा परामर्श दाता | २५०० |
| | ज) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | २५०० |
| | झ) बीमा एजेन्ट | २५०० |
| | ञ) सर्भेयर | २५०० |
| | ट) अनुवादक | २५०० |
| | ठ) पशु चिकित्सक | २५०० |
| | ड) शेयर दलाल | २५०० |
| | ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | २५०० |
| | ण) संस्थागत पेन्टर | १०००० |
| ३ | **निर्माण व्यवसाय** | |
| | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | |
| | क) श्रेणीको | १५००० |
| | ख) श्रेणीको | ७५०० |
| | ग) श्रेणीको | ५००० |
| | घ) श्रेणीको | ४००० |
| ४ | **उत्पादन मूलक उद्योग** | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | ५५०० |
| ५ | **उर्जा मूलक उद्योग** | |
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५००० |

| | | |
|---|---|---|
| **६** | **कृषि तथा वन्यजन्य उद्योग** | |
| | क) वन पैदावारमा आधारित उद्योग (भेनिस्टा उत्पादन गर्ने) | १६००० |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा (स :मिलहरु) | ५००० |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा( कुटानी, पिसानी) | २५०० |
| **७** | **खनिज उद्योग** | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा<br>ख) मिनरल वाटर (प्रशोधित पानी) | १०,०००<br>१०००० |
| **८** | **पर्यटन उद्योग** | |
| **८.१** | **पर्यटक, आवास, मोट्टल, होटेल, रेष्टुरा, रिसोर्ट, टाभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएर, बयालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि** | |
| **८.१.१** | **क) पर्यटक, आवास, मोट्टल, होटेल, रेष्टुरा, रिसोर्ट,** | |
| | अ) ५० लाख भन्दा माथि पुँजी भएका | २०००० |
| | आ) २५ देखि ५० लाख सम्म पुँजी भएका | १०००० |
| | इ) १० देखि २५ लाख सम्म पुँजी भएका | ८००० |
| | ई) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ५५०० |
| | उ) १ देखि ५ लाख सम्म पुँजी भएका | ४५०० |
| | उ) १ लाख सम्म पुँजी भएका,(नगरमा दर्ता भएका साना होटल,चिया पसल) | १००० |
| **८.१.२** | **टाभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएर, बयालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि** | |
| | क) टाभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएर, बयालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि जस्ता व्यवसायमा | १२००० |
| **८** | **सेवा उद्योग** | |
| | क) छापाखाना | ३५०० |
| | ख) परामर्श सेवा | ३००० |
| | ग) जिनिङ तथा वेलिङ्ग | २५०० |
| | घ) चलचित्र व्यवसाय | ४००० |
| | ङ) सार्वजनिक परिवहन | ५५०० |
| | च) फोटोग्रफी | ३००० |
| | छ) प्रयोगशाला | ३००० |

| | | |
|---|---|---|
| | ज) हवाइ सेवा | ७००० |
| | झ) शीत भण्डार | २५०० |
| **१०** | **निर्माण उद्योग** | |
| | क) सडक, पुल, रोपवे, रेलवे, टलिवस, टनेल, फ्लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | १५००० |
| **११** | **संचार सेवा** | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १५०० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन, STD ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | १५०० |
| | ग) कुरियर सेवा | १५०० |
| | घ) छपाई तथा प्रकाशन | २००० |
| **१२** | **वित्तिय सेवा** | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | १७००० |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | १२००० |
| | ग) वित्तिय कम्पनीको शाखा कार्यालय | ३५०० |
| | घ) वीमा कम्पनी | १२००० |
| | घ) विदेशी मुद्रा सटही | ३५०० |
| | ङ) धितोपत्र कारोवार | ३५०० |
| | च) सहकारी बैंक | ३००० |
| **१३** | **स्वास्थ्य सेवा** | |
| | क) गैर सरकारी अस्पताल | ७५०० |
| | ख) नर्सिङ होम | ७५०० |
| | ग) क्लिनिक तथा ल्याब | २५०० |
| **१४** | **शिक्षा सेवा** | |
| • | क) निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय | |
| | क) स्कुल<br>ख)कलेज (१२ भन्दामाथि)<br>ग) विश्वविद्यालय | ५०००।(१देखि ८कक्षा)<br>७०००(९देखि १२ कक्षा)<br>१०,०००।<br>२०,०००। |

| | | |
|---|---|---|
| | | |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३५०० |
| | घ) अन्तराष्टिय गैरसरकारी संस्था | ७५०० |
| **१५** | **मर्मत सम्भार**<br>**क) ट्रक , बस**<br>**ख) कार**<br>**ग) टेम्पो, मोटरसाइकल**<br>**घ) साइकल** | ५०००<br>४०००<br>३०००<br>५०० |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल आदि मर्मत कारखाना | ५००० |
| | ख) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | २५०० |
| **१६** | **अन्य सेवा** | |
| | क) विज्ञापन सेवा | २००० |
| | ख) बैदेशिक रोजगार सेवा | ७५०० |
| | ग) स्वदेशी रोजगार सेवा | २००० |
| | घ) सेक्रेटरियल सेवा | २००० |
| | ङ) हाउजीङ कम्पनी तथा घर जग्गा खरिद बिक्री | ५०० |
| | च) ब्यूटी पार्लर केश सिंगार डाई किलनर्स, फोटो स्टीडियो, सिलाई आदि | १५०० |
| | छ) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १५०० |
| | ज) पशु वधशाला | २५०० |
| | झ) मासु विक्रेता | १५०० |
| | ञ) फुल र विरुवा विक्रेता | १२०० |
| | ट) पुल हाउस | १५०० |
| | ठ) खोटो व्यवसायी | १५०० |
| | ड) सिसा प्लाइउड विक्रेता | १५०० |
| | ढ) भाँडाकुँडा बिक्रेता | २००० |
| | ण) स्टिल, काठ, फर्निचर विक्रेता | ५००० |
| | त) खेलौना, उपहार (गिफ्ट) विक्रेता | १००० |
| | थ) केबुल नेटवर्किङ (ग्राहाक संख्याको अधारमा) | १५००० |
| **१७** | **अन्य व्यवसाय** | |
| | क) पार्क पिकनिक स्पट | १००० |
| | ख) क्यासिनो | १००००० |
| | ग) टुर अपरेटर | ५०० |
| | घ) मसाज पार्लर | ३५०० |
| १८ | मिल/कुटानी पिसानी/कपास उद्योग /इलेक्ट्रोनिक्स /कलरल्याब/फोटोग्राफी / खुद्रा तथा होलसेल पसल /( कार्पेट /पर्दा पसल) (कम्प्युटर इन्स्टिट्युट) | ३००० |
| १९ | ग्रील उद्योग कारखाना /हार्डवेयर | ६००० |
| २० | फेन्सी पसल/जुत्ता पसल/कपडा पसल | २००० |

| | | |
|---|---|---|
| २० | कृषी औजार ओर्क सप | ५०० |
| २१ | औषधी पसल/क्लिनिक/ल्याब /डेन्टल | २००० |
| २२ | इलेक्ट्रोनिक्स | ३००० |

| |
|---|
| क) माथी उल्लेख भएको व्यवसायमा सोही अनुसार र नभएको हकम राजश्व परापर्श समितिको सिफारिसमा न.पा. कार्यपालिका बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ। |
| ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय संचालन गरेको हकमा माथी उल्लेखित दरको<br>प्रत्येकव्यवसायमा ५० प्रतिशत ले हुने रकम थप व्यवसाय कर लिने। |
| ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा ५% प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ। |

## अनुसूची -५

### नगरपालिकाले आफनो क्षेत्र भित्र जडीबुटी, कवाडी र जीवजन्तु कारोवार करको दर :

१) माछा मार्ने व्यवसायीले नगरपालिकावाट अनुमति पत्र प्राप्त गरी साल सालै अनुमति पत्र नविकरण गराएर व्यवसायी मध्येबाट रितपुर्वक प्रतिस्पर्धा गराई सबै भन्दा बढी बोल कवोल गर्ने कुनै व्यवसायीलाई सो व्यवसायको स्वीकृति दिन सक्नेछ।

२) नगरपालिका क्षेत्रबाट निकासी हुने कवाडी कर

क)फलाम /मेसिनरी पार्टपूर्जा प्रति किलो रु १।५०

ख)टिन तथा ड्रम प्रतिकिलो रु ।५० पैसा

ग)पुराना भाँडाकुडा (ग्यास सिलिण्डर बाहेक)प्रति किलो रु१।५०

घ) अन्य पवाडी प्रतिकिलो ।५०पैसा

ङ) सिसि सबै प्रकारका प्रतिवटा १५पैसा

च) हाड,सिङ,छाला रु १ प्रतिकिलो।

३) जडीबुटी

क) जडीबुटी प्रतिकिलो रु १।५० (कच्चा)

ख) प्रशोधितपको हकमा नगरकार्यपालिकाले समय समयमा निर्णय गरे बमोजिम हुनेछ।

ग)काठ प्रति क्यूब रु। ५० पैसा (कोरा)

घ)काठ प्रति क्यूब तयारी रु १।

## अनुसूची -६

### नगरपालिकाले आफनो क्षेत्र भित्र सवारी साधन करको दर :

नगरपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने सवारी करको न्यूनतम तथा अधिकतम दर

१) बार्षिक सवारी कर

(क) बस, ट्रक, लहरी र अन्य हेभी गाडीमा एक हजार रुपैया देखि तीन हजार रुपैया सम्म,

(ख) भाडाका कार, जीपमा दुई समय रुपैया देखि पाँचसय रुपैया सम्म,

(ग) भाडाका टेम्पोमा एक सय रुपैया देखि तीनसय रुपैया सम्म,

(घ) भाडाको मिनिबसमा पाँचसय रुपैया देखि एक हजार रुपैया सम्म,

(ङ) निजी कार, टेम्पो, मिनीबसमा एकसय रुपैया देखि तीनसयम रुपैया सम्म,

(च)	स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा पचास रुपैया देखि दुई सय रुपैया सम्म,
(छ)	ठेलागाडा तथा रिक्सामा पन्ध्र रुपैया देखि पच्चिस रुपैया सम्म ।

## ३.सवारी कर

### बार्षिक सवारी कर

| सं. | विवरण | न्यूनतम दर रु | अधिकतम दर रु | तेकिएको दर रु |
|---|---|---|---|---|
| १. | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | १००० | ३००० | २००० |
| २. | भाडाका टयाक्टर कार जीप | २०० | ५०० | ५०० |
| ३. | भाडाको टेम्पो | १०० | ३०० | ३०० |
| ४. | भाडाको मिनिवस | ५०० | १००० | १००० |
| ५. | नीजि कार, टेम्पो र मिनीबस | १०० | ३०० | ३०० |
| ६. | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधन | ५० | २०० | २०० |
| ७. | ठेलागाडा तथा रिक्सा | १५ | २५ | २५ |

२)	नगर क्षेत्र भित्रको सडक प्रयोग गरे वापत सवारी कर :
नगरपालिकाले आफैले बनाएको वा आफूलाई हस्तान्तरण भै आएको सडकमा देहाय बमोजिम लगाउन सक्नेछ
(क)	निजी तथा भाडाका बस, टक, र टेक्टरमा ५००।०० रुपैया देखि २०००।०० रुपैया सम्म ।
(ख)	मिनीबसमा ५०। रुपैया देखि १५०।०० रुपैया सम्म ।
(ग)	निजी तथा भाडाका कार र टेम्पोमा ५०।०० रुपैया देखि १००।०० रुपैया सम्म ।
(घ)	अन्य सवारी साधनमा ५०। रुपैया सम्म ।
दृष्टव्य : १) यस प्रकरण बमोजिमको कर राजमार्ग तथा सहायक राजमार्गमा लगईने छैन ।
२) यस प्रकरण बमोजिम उठाइएको कर सम्वन्धीत सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिर्ने छ ।
३) प्रकरण (१) बमोजिम सवारी दर्ता तथा बार्षिक सवारी कर तिरेका सवारी साधनमा सोही नगरपालिका भित्र सवारी कर लगइने छैन ।
दर्ता तथा संचालन इजाजत दस्तुर : नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा, खच्चड दर्ता गरी नम्वर दिए बापत नगरपालिकाले पन्ध्र रुपैया देखि पचास रुपैया सम्म सवारी दर्ता कर लगाउन सक्नेछ

**अनुसूची -७**

**नगरपालिकाले आफनो क्षेत्र भित्र विज्ञापन कारोवार करको दर :**

१)	नगरपालिकाले आफनो हकभोगको घर, जग्गा वा सार्वजनिक स्थलमा विज्ञापन वा साइनवोर्ड राख्नेलाई दैनिक/मासिक/बार्षिक रुपमा नगरपरिषदद्धारा निर्णय गरि करको दर कायम गर्न सक्नेछ ।

**१९) होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ ।**

क)	आ.व. ०७४/७५ सम्म प्रतिवर्ग फिट रु १०/- र सो आ.व. भन्दा पछि प्रति वर्ग फिट रु ५० पचास

ख)	सूतिजन्य र मदिराजन्य वस्तुको विज्ञापन प्रतिबन्द लगाईने छ ।

ग)	अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु ५० पचास

घ)	व्यानर सार्वजनिक स्थानमा प्रति मिटर ७ दिन सम्म रु ७ ,सो पछिप्रति दिन थप रु ५

ङ)	१ मीटर वा १ वर्ग मिटर सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १ र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु. २

च)	आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन । र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वापत वुझाउनु पर्ने छ ।

छ)	अन्यको हकमा नगरपालिकाले तोके वमोजिम हुनेछ

## अनुसूची -८

## नगरपालिकाले आफनो क्षेत्र भित्र मनोरञ्जन करको दर :

१)	सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन हल, थिएटर हल, संगीत तथा मनोसन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा दुई देखि पाँच प्रतिशत सम्म मनोरञ्जन कर लगाईने छ ।

२)	जादु, सर्कस, मेला, चटक, आदिमा प्रति दिन दुई सय रुपैया देखि पाँच सय रुपैया सम्म मनोरञ्जन कर लगाईने छ ।

**मनोरञ्जन कर**

क)	सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ३ प्रतिशतका दरले मनोरञ्जन कर असुल गरिनेछ । चालु आ.व. भित्र असुल नभए अर्को वर्ष ५ प्रतिशत थप गरी असुल गरिनेछ ।

ख)	जादु, सर्कस, चटक, फुटपाथमा औषधी बेचबिखन आदिमा प्रतिदिनको रु. ३००/- असुल गरिनेछ ।

**६. व्यवसायिक भिडियो कर**

ख)	प्रति भिडियो प्रतिबर्ष रु. ३००/- असुल गरिनेछ ।

## अनुसूची -९

## नगरपालिकाले आफनो क्षेत्र भित्र बहाल विटौरी शुल्कको दर :

(क)	नगरपालिका क्षेत्र भित्रको पर्ति, ऐलानी जग्गामा नेपाल सरकारको स्वीकृति बमोजिम नगरपालिका आफैले छाप्रा, टहरा निर्माण गरी रेखदेख संचालन गरेको अस्थायी पसल वा आवासको लागि उपलब्ध गराएकोमा प्रति टहरा, छाप्रा मासिक एक हजार रुपैया देखि पाँच हजार रुपैया सम्म बहाल विटौरी कर लाग्नेछ ।

(ख)	नगरपालिका क्षेत्र भित्रको खाली रहेको पर्ती, ऐलानी जग्गामा नगरपालिका आफैले छाप्रा, टहरा निर्माण नगरी व्यक्ति विशेषले आफै छाप्रा, टहरा निर्माण गरी वा नगरी हाट बजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी बसेको भए त्यस्तो जग्गामा प्रति वर्ग फिट पाँच रुपैया देखि पन्ध्र रुपैयाँ सम्म मासिक बहाल विटौरी कर लाग्नेछ ।

## अनुसूची -१०

## नगरपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने पार्किङ शुल्कको दर :

**पार्किङ शुल्क**

क) ट्रयाक्टरको लागि पहिलो २(दुई) घण्टाको लागि रु १०/- र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु १५/- अधिकतर रु ५०/-

ख) हलुका सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु १५/- र सो अवधि भन्दा वढिको प्रतिघण्टा रु १५/- बढीका लागि रु १०० (एक सय)

ग) हेभि सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु २५/- (पच्चिस) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु १५ (पन्ध्र) र सोभन्दा बढिको लागि १५०/-(एक सय पचास)

घ) मोटरसाईकलको लागि पहिलो २(दुई) घण्टाको लागि रु १०/- (दस) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु ५/- (पाँच) बढीमा रु ५०/-(पचास)

## अनुसूची -११

**नगरपालिकाले आफनो क्षेत्र भित्र ट्रेकिंग, कोयोकिंङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र ऱ्याँफटींङ्ग शुल्कको दर :**

१) नगर क्षेत्र भित्रका खोला, नदी, पोखरीहरुमा जलविहार रयाँफटींग गर्ने र ढुंगा चलाउने व्यवसायीले नगरपालिकाको रितपुर्वकको अनुमति पत्र लिई नगरपरिषदद्धारा तोकिएको शुल्क तिरी रयाँफटिंग कार्य संचालन गर्न सक्नेछ ।

## अनुसूची -१२

नगरपालिकाले आफनो क्षेत्र भित्र पर्यटन तथा सेवा शुल्कको दर :

<u>अचल सम्पत्ति मूल्याँकन सेवा शुल्क</u>

क) सम्पति मूल्याँकन तथा श्रोत प्रमाणित प्रतिहजार रु.१/-

<u>विभीन्न प्रकारका सिफारिस दस्तुर</u>

क) जग्गा दर्ता शिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत
अ) १ रोपनी सम्म रु. २५०/-(शहरी क्षेत्रमा)
आ) १ रोपनी देखी ५ रोपनी सम्म रु.५०० /-(शहरी क्षेत्रमा)
इ) ५ रोपनी भन्दा माथि सम्म रु. १०००/-(शहरी क्षेत्रमा)
उ) ग्रामिण क्षेत्रमा एकमुष्ट रु. २५०/-
ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत
अ) १ रोपनी सम्म रु. २००/-(शहरी क्षेत्रमा)
आ) १ देखि ५ रोपनी देखि सम्म रु. ३००/-(शहरी क्षेत्रमा)
इ) ५ रोपनी भन्दा माथी रु. ५००/-(शहरी क्षेत्रमा)
उ) ग्रामीण क्षेत्रमा एकमुष्ट रु.२००/-
ग) मोही दर्ता तथा मोही नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत
अ) १ रोपनी सम्म रु.२००/- (शहरी क्षेत्रमा)
आ) १ देखि ५ रोपनी सम्म रु.३००/- (शहरी क्षेत्रमा)
ई) ५ भन्दा माथिप्रति रोपनी रु .५००/- (शहरी क्षेत्रमा)
इ) ग्रामीण क्षेत्रमा एकमुष्ट रु.२००/-
घ) विभिन्न प्रकारका व्यवसाय, घरेलु उद्योग दर्ता तथा सिफारिस निवेदन दर्ता र निवेदन फाराम सहित
क) साना घरेलु उद्योग रु.५००/-
ख) मझौला उद्योग रु.१०००/-

ग) पलाई उद्योग रु ५०००।
घ) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु.३०००/-
ङ) फर्निचर पसल रु २०००।
च) अन्य सेवा उद्योग तथा व्यवसाय सम्बन्धी सिफारिस रु. १०००/-
छ) डिलर लिने सिफारिस रु.५०००/-
ज) माथी नखुलेका उद्योग व्यवसायका सिफारिसको हकमा नगरपालिकाको निर्णयानुसार
झ) नागरिकता लिनका लागि सिफारिस रु १५०/- (अनुसूची फाराम निवेदन दर्ता समेत)
ञ) नागरिकताको प्रतिलिपी लिन सिफारिसरु.१५०/-(अनुसूची फाराम निवेदनदर्ता समेत)
ट) अंगिकृत नागरिकता सिफारिस रु.१०००/- (अनुसूची फाराम निवेदन दर्ता बाहेक)
ठ) धारा, बिजुली जडान सिफारिस रु.७००/- (निवेदन फाराम र निवेदन दर्ता समेत)
ड) काठ कटान, निकासी गर्न सिफारिस रु.३/-प्रति कि.बी.
ढ) प्रतिलिपी प्रमाणित दस्तुर रु.२०/- प्रतिपाना
ण) चार किल्ला प्रमाणित १ कित्ता सम्म रु.२००/- र सो भन्दा माथि प्रति कित्ता थप रु १००/-
त) घरबाटो भए नभएको प्रमाणित (शहरी क्षेत्रमा) रु.७००/-(निवेदन फाराम र निवेदन दर्ता समेत)
थ) घरबाटो भए नभएको प्रमाणित (ग्रामीण क्षेत्रमा)रु.३००/-(निवेदन फाराम र निवेदन दर्ता समेत)
द) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपी रु.५०/-
ध) अन्य कागजातको प्रतिलिपी दस्तुर रु.२०/- प्रति पाना
न) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा रु.५००/-
१० संचार टावर स्वीकृती सिफारिस रु १०,००० /-
११) अस्थाई प्रकृतिको निर्माण स्वीकृती निवेदन फाराम (ग्रामिण क्षेत्रका लागि) रु.१००/- प्रतिगोटा
१२) नाता प्रमाणित रु.२००/-
१३) नाता सम्बन्ध रु.२००/-
१४) अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस रु. ५००/- (जन्म प्रमाणित, विवाह प्रमाणित, कर चुक्ता आदि)
१५) निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस रु. १५००/-
१६) सामुदायिक/सरकारी विद्यालयको तहवृदी सम्बन्धी सिफारिस रु.५००/-
१७) नगरपालिकाको स्वामित्व रहेका पिच सडक काटने स्वीकृत रु ५०००/-
१८) फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ
क) आवासीय घर २ दुई तल्ला सम्म रु १५०/-
ख) ३ तल्ला वा सो भन्दा माथि प्रति तल्ला वा कोठा
थप रु ५०/- ग) पसल कवल भए प्रति पसल थप रु १००/-
घ) सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप रु २००/-
ङ) ठुला प्रकृतिका होटल लज रु ५००/-
च) हस्पिटल रु १५००/-
छ) अन्य संघ संस्था रु २००/-
२०. वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता रु. १,००/-

२१. नक्शापास गर्ने आवेदन पुस्तिका रु.१,०००/- प्रतिगोटा
२२. सक्सन टयांक सेवा शुल्क प्रति टिप रु ८,०००/-
२३. ट्रयाक्टर भाडा रु २,५००/-
२४ विपत व्यबस्थापन शुल्क रु ५०/- (शहरी क्षेत्र) रु २०/- (ग्रामीण क्षेत्र)

सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी नगरकार्यपालिकाले तोकिदिए वमोजिम हुनेछ ।

आज्ञाले,

शंकर नेपाल,

सचिव, भीमेश्वर नगर कार्यपालिका